का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक १५८
❐ ९ साउन २०७८, शनिबार
❐ 24 July 2021, Saturday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



*महाकुम्भको उद्घाटन: विश्व खेलकुद महाकुम्भ भनेर चर्चित ओलम्पिक गेम्सको ३२औं संस्करण टोकियोस्थित ओलम्पिक रंगशाला उद्घाटन भएको छ । नेपाली समयअनुसार साँझ ४:४५ बजे ओलम्पि उद्घाटन भएको छ । तस्वीर: वीवीसी*

## संसदमा सत्तारुढकै 'ठूला कुरा'

पुनर्स्थापित संसद्बाट प्रधानमन्त्री शेरबहादुर देउवाले सहज बहुमत पाएपछि सत्तारुढ गठबन्धनका नेताहरुले आफूलाई विधि, प्रणाली र लोकतान्त्रिक हिमायती रहेको दावी प्रस्तुत गर्न छोडेका छैनन् । संसदमा समेत सत्तारुढ नेताहरुले आफ्नो गठबन्धनलाई सही सावित गर्ने प्रयास गरे ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ८ साउन ।



सत्तारुढ दल नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र) ले अहिलेको सरकार संविधानको भावना र विधिको शासनबाट विचलित हुन नहुने स्पष्ट पारेको छ । प्रतिनिधिसभा बैठकमा सत्तारुढ दलका नेताहरुले विगतको सरकारले विधि र कानून मिच्दा संकट पैदा भएको उल्लेख गर्दै पाँच दलको प्रयास र अदालतको आदेशले मुलुकलाई दिशाहीन अवस्थाबाट निकास दिन सफल भएको बताएका हुन् ।

काँग्रेसका नेता तथा पूर्वमहामन्त्री प्रकाशमान सिंहले आफ्नै पार्टीलाई व्यवस्थित गर्न नसकी विधि मिचेर अघि बढेकाले नेपाल कम्युनिष्ट पार्टी (एमाले) नेतृत्वको बहुमतको सरकार बाहिरिनुपरेको घटना स्मरण गराए । पार्टी विधि र प्रक्रिया मिचेर प्रक्रिया नपअनाइ जान खोज्दा संविधानको रक्षाका लागि दल मिलेर संवैधानिक र राजनीतिक बाटो अपनाउने गरी अघि बढेको पनि बताए । उनले सत्तामा हुँदा एउटा कुरा गर्ने र विपक्षमा बस्दा अर्को कुरा गर्दा त्यसलाई कसैले पनि महत्व नदिने जिकिर गरे ।

कानूनअनुसार नचल्दा के हुन्छ भन्ने उदाहरणस्वरुप नेपाली काँग्रेस संसदीय दलका नेता शेरबहादुर देउवा प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको उनको भनाइ थियो । विगत साढे तीन वर्षको समयमा तत्कालीन सरकारले पानीजहाज चलाउने, रेल गुडाउने योजना पूरा गर्न नसकेकोप्रति व्याङ्ग्य गर्दै नेता सिंहले बर्तमान सरकारले संविधानको भावना, मर्म र विधिको शासन पालना गरेर आफ्नो कार्य अघि बढाउने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री देउवाले कोरोना भाइरस नियन्त्रण र खोपका बारेमा विश्वासको मत लिने दिनमा नै प्रतिबद्धता जाहेर गर्दै खोप, खोप र खोप भनेर तेहेऱ्याउनुभएको सन्दर्भ जोड्दै नेता सिंहले प्रतिबद्धता पूरा गर्न ध्यानाकर्षण गराए । उनले वर्तमान सरकारले कोरोना भाइरस जस्तै मुलुकमा फैलिएको भ्रष्टाचारको भाइरसलाई पनि सफलताका साथ नियन्त्रण गर्ने विश्वास व्यक्त गरे ।

संविधानको भावना र मर्मअनुरुप लोकतन्त्रलाई संस्थागत गर्न आएको विधेयक विगतको सरकराले ध्यान नदिँदा थाति रहेको उल्लेख गर्दै उनले त्यसलाई सहजरुपमा अघि बढाउन पनि अनुरोध गरे ।

अर्को सत्तसाझेदारी दल माओवादी केन्द्रका नेता हरिबोलप्रसाद गजुरेलले विसं २०४७ को संविधानमा टेकेर दुई/दुई पटक संसद् विघटन गर्दा झण्डै दुई तिहाइको विगतको सरकार बाहिरिएको बताए ।

संविधानको भावनाविपरीत कोही पनि जान नपाओस् भनेर संविधानमा नै स्पष्टरुपले दलले सरकार बनाउन नसक्दा बहुमत सदस्य भएपछि प्रधानमन्त्री हुन पाउने व्यवस्था राखिएको कुरालाई जोड दिँदै उनले अघिल्लो सरकारले पटकपटक कानून मिचेको आरोप बताए ।

पहिलो संसद् बाँकी पृष्ठ २ मा

## टसमस नभएका नेपाल



"नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल परिवर्तित राजनीतिक समीकरणमा उत्साहित मात्रै नभएर अडानमा टसमस हुन चाहिरेका छैनन् । जबकी अध्यक्ष केपी शर्मा ओली एकपछि अर्को निर्णयमा अस्थिर र बदलिने गरिरहेका छन् ।

**सन्दीप विक/मध्यान्ह**
काठमाडौं, ८ साउन ।

नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले अध्यक्ष केपी शर्मा ओलीको आम माफीको घोषणालाई व्यङ्ग्यात्मक प्रतिक्रिया दिएका छन् । ललितपुरमा आयोजित एक कार्यक्रममा नेता नेपालले आम माफीको घोषणाको अर्थ नरहेको बताए । "हिजो महामहिम श्री ५ बडामहाराजधिराजबाट अभिव्यक्ति आयो, माधव नेपाल लगायतका माननीय सदस्यहरुमाथि जति पनि स्पष्टिकरण सोधिएका छन्, उनीहरुलाई आम माफी दिइन्छ । एम्नेष्टी इज ग्रोन्टेड । हामी गद्गद् भयौं", नेता नेपालको भनाइ थियो । अध्यक्ष ओलीले केन्द्रीय कमिटी बैठक समापन गर्दै माधव समूहका नेताहरुलाई आम माफी दिइएको बताएका थिए ।

सोमबार शुरु भएको केन्द्रीय कमिटी बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवालाई विश्वासको मत दिने २२ जनालाई स्पष्टिकरण सोधेका थिए । तर चार दिन चलेको बैठकको अन्त्यमा भने स्पष्टिकरण सोध्ने निर्णय फिर्ता लिदै आम माफी भन्ने शब्द प्रयोग गरेका थिए । यसलाई रमाइलो तरिकाले उदाउने भाषामा नेता नेपालले भने, "महाराजधिराज खुशी हुनु भएको छ । हामीलाई आममाफी मिलेछ । नाच्नु पर्ने भयो । खुशी हुनुपर्ने भयो । यही हो पद्धति ? यसलाई कम्युनिष्ट पद्धति भनिन्छ?" ?'

ओलीले स्पष्टिकरण सोध्नु नै असंवैधानिक र अवैधानिक भएको बताए । यसमा ओलीले माफी माग्नुको साटो आम माफीको भाषा प्रयोग गरेको नेता नेपालको भनाइ छ । "स्पष्टीकरण सोध्नु गल्ती भयो । मैले हतार गरें । अब फिर्ता लिएको छु भनिदिएको भए उचाइ घट्दैनथ्यो", नेता नेपालले भने ।

नेता नेपालले अध्यक्ष ओलीको दिनगन्ती शुरु भएको समेत बताए । "९३ बाट झरेर ८३ । अब कति पहिरो जाने हो थाहा छैन", उनको भनाइ थियो । प्रतिनिधिसभा पुनर्स्थापनासँगै माधव नेपाल समूहका सांसदहरुको पद नजाने आदेशले नेता नेपालको मनोवल उच्च बनेको देखिन्छ । त्यसैले हरेक दिन उनी काउण्टर भाषा बोलिरहेका छन् । तर ओलीले भने हतास देखिन्छन् । जस्तो- सोमबार स्पष्टिकरण सोधेर कारबाही प्रक्रिया अगाडि बढाएका ओलीले बिहीबार फिर्ता लिने निर्णय लिए । जबकी त्यसैदिन नेता बाँकी पृष्ठ २ मा

## आयोगविरुद्ध ठाकुर समूह

निर्वाचन आयोगले कार्यकारिणी समितिको बहुमतका आधारमा पार्टी विवाद सुल्झाउने निर्णय लिएपछि जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष महन्थ ठाकुर अदालत गएको छ ।

**दीपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ८ साउन ।

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष महन्थ ठाकुर समूह निर्वाचन आयोगको निर्णय प्रति असन्तुष्ट र आक्रोशित देखिएको छ । जसपाको वैधानिकता टुंग्याउने क्रममा आयोगले कार्यकारिणी समितिका सदस्यहरुलाई नागरिकता सहित उपस्थित हुन निर्देशन दिएको छ । अर्थात् आयोगले कार्यकारिणी समितिको बहुमतलाई पार्टीको वैधानिकता दिने तयारी गरेको छ ।

आयोगको निर्णयअनुसार, अर्का अध्यक्ष उपेन्द्र यादव समूहले वैधानिकता पाउने संभावना देखिन्छ । यादवले ५१ मध्ये ३२ जना आफ्नो पक्षमा रहेको दावी गरेको छ । तत्कालीन समाजवादी पार्टी, नेपाल र राष्ट्रिय जनता पार्टी (राजपा) बीच एकीकरण हुँदा ५१ सदस्यीय कार्यकारिणी समिति बनेको थियो । तर ठाकुरले भने निर्वाचन आयोगको यो निर्णय प्रति असन्तुष्टि जनाएका छन् ।

आयोगको निर्णय विरुद्ध यो समूह सर्वोच्च अदालत पुगेको छ । अदालतमा दायर रिटमा निर्वाचन आयोग र उपेन्द्र यादवलाई विपक्षी बनाइएको छ । आयोगले ११ साउनमा नागरिकता सहित उपस्थित हुन निर्देशन दिएपछि यसविरुद्ध ठाकुर पक्ष अदालत गएको हो । ठाकुर समूहले भने पार्टी एकता हुँदा बनेको ५१ सदस्यीय कार्यकारिणी समितिलाई मान्यता दिने निर्णय भएकोमा आपत्ति जनाएको छ ।

यो समूहले भने गएको ३ जेठमा बिस्तार गरेको कार्यकारिणी समितिलाई मान्यता दिनुपर्ने माग गरेको छ । गएको ७ पुसमा बसेको कार्यकारिणी समितिको बैठकले ठाकुरलाई प्रथम अध्यक्ष मानिएको र त्यसैआधारमा ठाकुरले कार्यकारिणी समिति हेरफेर गरेको दावी गरेका छन् । ठाकुरले पार्टी विवाद उत्कर्षमा पुगेका बेला अध्यक्ष यादवलाई हटाएर एक्लौटी रुपमा कार्यकारिणी बाँकी पृष्ठ २ मा


### वर्षातको समयमा सावधानी अपनाऔं

- वर्षातको समयमा बाढी, पहिरो, डुबानजस्ता प्राकृतिक प्रकोपबाट ठूलो जनधनको क्षति हुन सक्दछ ।
- बाढी, पहिरो, डुबानको जोखिम हुने स्थानहरूमा बस्ती नबसालौं ।
- वर्षातको समयमा हुने बाढी पहिरोजस्ता जोखि स्थानहरूको पहिचान गरी सुसूचित गराऔं ।
- स्थानीयस्तरमा आपतकालिन केन्द्रहरूको स्थापना गरी उद्दार टोरी र राहत सामग्रीको जोहो गरौं ।
- विपद्को समयमा आपतकालिन केन्द्रमा तुरन्त खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## वर्किङ भिसामा अमेरिका पठाइदिन्छु भन्दै ठगी गर्ने ४ जना पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ साउन

अमेरिकमा वर्किङ भिसामा पठाइदिने प्रलोभनमा करिब पौने करोड रूपैयाँ ठगी गरेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । कपिलवस्तु वाणगंगा नगरपालिका ४ का विनोद भुसाल, पोखरा महानगरपालिका २ का पुरकार गुरुङ र पोखराकै प्रकाश गुरुङ पक्राउ परेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले जनाएको छ ।

विगत दुई वर्षदेखि रोजगार भिसामा अमेरिका पठाइदिने र उतै आवासीय भिसा दिलाउन सहयोग गर्ने भन्दै पटक-पटक गरी ७४ लाख रकम असुलेको उजुरी परेको प्रहरीको भनाइ छ ।

सोही निवेदनका आधारमा पक्राउ परेका उनीहरुलाई वैदेशिक रोजगार ठगीको अभियोयमा अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय कास्कीमा बुझाइएको छ । प्रहरी उपरीक्षक (एपसी) श्याम कुमार महतोका अनुसार उनीहरुले नेपालस्थित अमेरिकी दूतावास काठमाडौंको नक्कली कागजातहरु बनाएर ठगीको धन्दा शुरू गरेको बताए ।

पक्राउ परेका एकजनाले अमेरिकामा थुनामा रहेको व्यक्तिलाई छुटाई दिन्छु भनी २५ लाख रुपैयाँ लिएको समेत खुलेको प्रहरीले बताएको छ । यसअघि आकर्षक तलबसहितको वैदेशिक रोजगारीका लागि जापान पठाइदिने भन्दै लाखौं रकम ठगी गरेको आरोपमा ब्युरोले काठमाडौंबाट चार जनालाई पक्राउ गरेको थियो ।

उनीहरूले पनि जापान पठाइदिने झुटो प्रलोभन दिएर विभिन्न बैंकमा रहेका बैक खातामा ३९ लाख ६८ हजार रुपैयाँ जम्मा गर्न लगाएर ठगी गरेको महानगरीय अपराध महाशाखाले बताएको छ ।

### वैदेशिक रोजगार विशेष

## साउदी जान नयाँ व्यवस्था

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले साउदी अरब जाने कामदारहरुलाई अराइभल रजिष्ट्रेशन फारम भर्न आग्रह गरेको छ । संघका महासचिव सुजितकुमार श्रेष्ठले एक सूचना जारी गर्दै फारम भर्न आग्रह गरेका हुन् ।

साउदी जाने कामदारले https://muqeem.sa/#/vaccine-registration/home मा गई फारम भर्ने र प्रिन्ट गरी आफैले बोक्नु पर्ने संघले जनाएको छ । साथै साउदी अरब जाने कामदारहरुसँग अनिवार्य स्मार्ट मोबाइल फोन हुनु पर्ने र फोनको प्लेस्टोर वा आइएसओमा गई साउदीको कोभिड-१९ केएसए एप डाउनलोड गर्नुपर्ने महासिचव श्रेष्ठले सूचनामार्फत जानकारी दिएका छन् ।

# लकडाउनमा सीमान्तकृत महिला: कोरोनाले छोएन, हिंसाले छाडेन

गोमती पाल/मध्यान्ह
महेन्द्रनगर, ८ साउन




कोरोना भाइरस संक्रमण महामारीबाट जोगिएका महिलाहरु घर परिवारबाट हिंसाको चपेटामा परेका छन्। हिंसाको मार खेप्नेमा विपन्न समुदायका महिलाहरु छन्। महामारीपछि कमजोर अवस्थाका महिलामाथि हिंसाका घट्ना बढेका छन्। महामारीका कारण हिंसाका घट्नालाई बाहिर ल्याउन नसकिएर उनीहरु सहेर बस्न बाध्य छन्।

'महिलाथि अहिले कुटपिट हुने, यातना दिने, घर निकाला गर्ने, जबरजस्ती गर्ने लगायतका हिंसा जनक घट्ना भई रहेका छन्, बरु पहिला भन्दा अहिले बढेका छन्, गरीब र सीमान्तकृत महिला हिंसाको चपेटामा छन्' मानव अधिकारका लागि महिला एकल महिला समूह कञ्चनपुरले बिहीबार आयोजना गरेको कोभिड १९ को लकडाउन अवधिमा महिला अवस्था र पत्रकारले खेलेको भूमिका सम्बन्धी छलफल कार्यक्रममा संस्थाका कार्यक्रम संयोजक बीर बहादुर नेपालीले भने,'केही स्थानमा त अझै डरलाग्दो रुपमा महिलामाथि हिंसा बढेको छ।'

संस्थाले एकल सहित सीमान्तकृत समुदायका महिलाहरुको नेतृत्व क्षमता विकास, क्षमता विकास, सशक्तिकरणका लागि शुक्लाफाँटा नगरपालिका र बेलडाँडी गाउँपालिकामा नेपालमा सीमान्तकृत महिलाको आवाज र सहभागिता(पेभ) परियोजना सञ्चालन गर्दै आएको छ। परियोजना सञ्चालन गरिएका ती दुई स्थानीय तहका महिलाको अवस्थाका आधारमा महामारीमा पनि हिंसा बढेको निष्कर्षमा संस्था पुगेको छ। संस्थाका अनुसार शुक्लाफाँटा नगरपालिकाको सेफ हाउसमा पछिल्लो तीन महिना मात्रै ६१ हिंसा पीडित महिलाले सहारा लिएका छन्। उनीहरु सबै कुटपिट, यातना सहन नसकेर सेफ हाउस पुगेका हुन्। त्यस बाहेक सम्बन्ध विच्छेद पनि हिंसामा परेका महिलाहरु सेफ हाउस पुगेका छन्।

बेलडाँडीमा गाउँपालिकामा शुक्लाफाँटा भन्दा पनि महिलामाथि बढी हिंसा हुने गरेको संस्थाको कार्यक्रम संयोजक नेपालीले बताए। 'शुक्लाफाँटामा ६१ जना हिंसा पीडित महिला सेफ हाउसमा छन्, बेलडाँडीमा यो भन्दा अझ बढी डरलाग्दो अवस्था छ' उनले भने,'बेलडाँडी भारतीय सीमावर्ती क्षेत्र भएकाले महिला बेचबिखनको पनि त्यत्तिक्कै समस्या छ।'

बेलडाँडीमा महिलाको कुटपिट गरी टाउको फुटाएको, हात खुट्टा भाँचेको र गाली गलौज लगायतका अन्य मानसिक तनाव दिएर हिंसा पीडित बन्ने गरेको नेपालीले बताए।

बेलडाँडीमा दुई परिवारका लोग्ने स्वास्नीको विचको विवाद मिलाउन न्यायिक समिति र इलाका प्रहरी कार्यालय पुगेर पनि समाधान हुन नसकेको उनको भनाई छ।

'हिंसाका कारण सम्बन्ध विच्छेदसम्म पुगेको छ, कसै गरी त घर मिलाउन सकिन्छ भनेर अघि बढेका छौं, अझै आशा अनुसार प्रगति भएको छैन' उनले भने।

बेलडाँडीमा हिंसा पीडित महिलाहरुका लागि सेफ हाउस सञ्चालन गरिएको छैन। यस वर्ष सेफ हाउस सञ्चालनको तयारी गरिएको छ।

शुक्लाफाँटामा अवैध गर्भपतनलाई समाजमा मिलापत्र गराएपछि अहिले महिला दैनिक रुपमा कुटाई खाने गरेको संस्थाले जानकारी दिएको छ। महिलालाई अवैध गर्भ बोकाउने स्थानीयले दैनिक रुपमा उनको घर आएर कुटपिट गरि रहेका छन्।

'यो कानुनी रुपमा अवैध थियो, समाजमा मिलापत्र गरिएपछि बच्चा जन्मियो, केही महिनासम्म राम्रो सम्बन्ध थियो, अहिले दैनिक रुपमा कुटपिट गरिएको छ' संस्थाका कार्यक्रम संयोजक नेपालीले भने,'यसरी पनि महिला हिंसा सहन बाध्य छन्।'

मानव अधिकारका लगि महिला एकल महिला समूह कञ्चनपुरका अध्यक्ष जानकी जोशीले कमजोर अवस्थाका महिलामाथि हिंसा नरोकिएको बताइन्। 'समाजमा बलियोले कमजोरमाथि हिंसा गर्छ, घर परिवारमा पनि पुरुषले महिलामाथि हिंसा गर्दै आएका छन्' उनले भनिन्,'यस विरुद्ध सबैले एकजुट हुनु आवश्यक छ।'

संस्थाले हिंसा पीडित महिलालाई संगठित गरी उनीहरुको हक अधिकारका लागि वकालत गर्दै आएको छ। सीमान्तकृत महिलाहरुको नेतृत्व विकास र आर्थिक रुपमा बलियो बनाउने कार्यलाई पनि संस्थाले प्राथमिकता दिएको छ।

संस्थाले दुबै स्थानीय तहका महिलाहरुलाई समूहमा आबद्ध गरी संगठित गरेको छ। शुक्लाफाँटा नगरपालिका र बेलडाँडी गाउँपालिकाका सबै वडामा समूह गठन गरिएका छन्।

समूहमा आबद्ध महिलाहरुले आर्थिक अवस्था बलियो बनाउन कोष बनाएका छन्। एक लाख पाँच रुपैँया कोषमा जम्मा गरी उनीहरुले घर खर्च, व्यापारका लागि समूहका महिलालाई ऋण लगानी गरेका छन्। कोषबाट ७९ हजार ऋण लगानी गरिएको छ।

'यो कार्यक्रम अर्न्तगत छरिएर रहेका महिलाहरु संगठित भएका छन्, यसबाट उनीहरु आफ्ना पीडा माग सम्बन्धित निकायमा राख्न सक्ने भएका छन्' संस्थाका कार्यक्रम संयोजक नेपालीले भने,'महिलाहरुको नेतृत्व र क्षमता विकासका लागि संस्थाले सहयोग गर्दै आएको छ।'

आगामी दिनमा राजनीतिक दल आबद्ध सीमान्तकृत समुदायका महिलालाई उद्यमशिलता तालिम लिएर उद्यमी बनाउने संस्थाको कार्यक्रम छ। तालिम दिएपछि उनीहरुलाई व्यवसाय सञ्चालनका लागि २०-२५ हजारसम्म पूँजी दिइने छ। संस्थाले परियोजना अन्तर्गत तीन महिनामा पत्रकारहरुसित कार्यक्रम गर्दै आएको छ। नेपाल पत्रकार महासंघ कञ्चनपुरका अध्यक्ष माधव सिह धामीको प्रमुख आतिथ्यमा गरिएको छ।

संस्थाकी अध्यक्ष जानकी जोशीको अध्यक्षतामा गरिएको कार्यक्रममा सचिवकोषाध्यक्ष लक्ष्मी चन्दले स्वागत मन्तव्य राखेकी थिइन्। संस्थाकी सचिव रमा उपाध्ययले कार्यक्रम सञ्चालन गरेकी थिइन्।

कार्यक्रममा पत्रकार महासंघका सचिव राजेन्द्र अवस्थी, पत्रकारहरु नन्दा महरा, मोहन विष्ट, ऐश्वर्या कुँबर, होम योगी लगायतले सीमान्तकृत समुदायका महिलामाथि हुने हिंसा रोकथामका लागि सबै पक्षले गम्भीर हुनु पर्ने बताए।

संस्थाले वमनकाइनड वर्ल्डवाइडको सहयोगमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। सन् २०१९ देखि सञ्चालन गरिएको कार्यक्रम तीन वर्षसम्म सञ्चालन हुनेछ।

## प्याब्सनद्वारा मेलम्ची बाढी पीडित विद्यार्थीहरुलाई सहयोग



देवराज सुवेदी/मध्यान्ह
सिन्धुपाल्चोक, ८ साउन

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) ले सदस्य विद्यालयका मेलम्ची बाढी प्रभावित विद्यार्थीहरुका लागि शैक्षिक सामग्री वितरण गरेको छ। प्याब्सनले शुक्रबार मेलम्ची कम्युनिटी इङ्लिस स्कुल र प्रगति अंग्रेजी माध्यमिक विद्यालयका विद्यार्थीहरुका लागि शैक्षिक सामग्री वितरण गरेको हो।

दुवै विद्यालयका गरी तीन सय १८ विद्यार्थीलाई सामग्री वितरण गरिएको मेलम्ची कम्युनिटी इङ्लिस स्कुलका अध्यक्ष दिनेश बस्नेतले जानकारी दिए।

कार्यक्रममा प्याब्सन बागमती प्रदेशका अध्यक्ष थकिनकुमार गुरुङले शैक्षिक गतिविधिलाई असहज परिस्थितिमा पनि तत्कालै सहज ढंगले सञ्चालन गर्नका लागि सहयोग गरेको बताए। प्रभावित विद्यार्थीका लागि पाठ्यपुस्तक, पोसाक लगायतका सामग्री प्याब्सनले सहयोग गर्ने प्रतिबद्धता जनाउँदै उनले विपत्ति भनेकै भैपरी आउने समस्या भएकाले यसलाई सामना गर्दै अगाडि बढ्नुको विकल्प नभएको बताए।

कार्यक्रममा केन्द्रीय सदस्य एवम् क्वीक रेस्पोन्स टिमका संयोजक आशिष श्रेष्ठले प्याब्सनमा आबद्ध विद्यालयबीच सहयोग र समन्वय अति आवश्यक रहेको बताए। उनले बाढी प्रभावित अभिभावक तथा बालबालिकाका लागि पठनपाठनको समस्या भएमा पनि प्याब्सनले सहयोग गर्ने बताए।

कार्यक्रममा मेलम्ची-११ का वडा अध्यक्ष रुद्रप्रसाद दुलालले ठूलो दुःखमा गुज्रिएको अवस्थामा प्याब्सनले देखाएको अग्रसरताले ठूलो आशा पलाएको बताए। वडा अध्यक्ष दुलालले अभिभावकमा धैर्य गर्न आग्रह गर्दै आगामी दिनमा विद्यालय सञ्चालनका लागि सक्रिय भएर लाग्न शिक्षक तथा विद्यालय व्यवस्थापन पक्षलाई आग्रह गरे। कार्यक्रममा विद्यालयका पूर्वअध्यक्ष पुष्कर धितालले विद्यालय सञ्चालनका लागि थुप्रै चुनौती भए पनि सामना गर्दै अगाडि बढ्ने बताए।

कार्यक्रममा सिन्धुपाल्चोक प्याब्सनका पूर्वअध्यक्ष एवम् केन्द्रीय सदस्य कर्मवाङ्गेला लामा, प्रगति अंग्रेजी माविका प्रिन्सिपल ऋषिराम नेपाल, उद्योग वाणिज्य संघ सिन्धुपाल्चोकका उपाध्यक्ष रामकृष्ण चालिसे, वडा सदस्य टिकादत्त धिताल लगायतको उपस्थिति थियो।

## हल्दिवारी कोरोनाको रेड जोनमा, एकैदिन १० संक्रमित थपिए




विष्णुकुमारी घिमिरे/मध्यान्ह
झापा, ८ साउन

झापाको हल्दिवारी गाउँपालिकामा शुक्रबार थप १० जना कोरोना संक्रमित थपिएका छन्।

योसहित कोरोना संक्रमितको संख्या ४२७ पुगेको छ। स्वास्थ्य शाखा प्रमुख पुष्कर निरौलाका अनुसार पीसीआर परीक्षणका क्रममा २ जना र एन्टिजेन परीक्षणमा ८ जनामा कोरोना संक्रमित पुष्टि भएका छन्। शुक्रबार हल्दिवारी आईसोलेसन सेन्टरमा गरिएको १७ जनाको एन्टिजेन परीक्षणमा ८ जनाको रिपोर्ट पोजेटिभ आएको हो।

पोजेटिभ आएकामध्ये ६ जना हल्दिवारी २ का रहेका छन् भने १ र ३ वडाका १/१ जना रहेको निरौलाले बताए। त्यस्तै मेची प्रादेशिक अस्पतालमा पीसीआर परीक्षण गरिएका २ जनाको रिपोर्ट समेत पोजेटिभ आएको र उनीहरु पनि २ नम्बर वडाकै भएको पुष्टि भएको छ।

लक डाउनलाई खुकुलो पारेसँगै हल्दिवारी गाउँपालिका भित्र कोरोना संक्रमण बढ्न थालेपछि, लकडाउनलाई कडाईका साथ केही समय थप्नुपर्ने स्वास्थ्य प्रमुख निरौला बताउँछन्।

कोरोना संक्रमणका कारण हल्दिवारी गाउँपालिका भित्र ११ जनाको ज्यान गएको छ भने सक्रिय संक्रमितको संख्या ४० रहेको छ।

## सुजिता मृत्यु प्रकरण : एकजना पक्राउ

**चितवन/मस**-पूर्वीचितवनको राप्ती नगरपालिका-३ का २३ वर्षीया सुजिता भण्डारी मृत्युको अनुसन्धान गरिरहेको प्रहरीले एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा झापाको झापा गाउँपालिका-६ शरणामतिका २३ वर्षीय सचिन भनिने सुकदेव भण्डारी रहेका छन्।

जिल्ला प्रहरी कार्यालयद्वारा शुक्रबार आयोजित पत्रकार सम्मेलनको उनलाई काठमाडौंबाट पक्राउ गरिएको जानकारी गराएको छ।

प्रहरी उपरीक्षक ओमप्रसाद अधिकारीले सुजिताको आमा अम्बिका भण्डारीको जाहेरीले अभियुक्त सुकदेवलाई पक्राउ गरिएको जानकारी दिए। गतअसार ११ गते घरबाट हराएकी सुजता २० गते घर नजिकैको ब्रह्मस्थानी सामुदायीक वनमा मृतावस्थामा भेटिएकी थिइन।

पक्राउ पर्ने सुकदेव र सुजिताको सम्बन्ध नाताले ठूलो बाको छोरा र काकाको छोरी भएपनि दुवैबीचको प्रेम सम्बन्धका रहेको अनुसन्धामा खुलेको प्रहरीले जनाएको छ। प्रेम सम्बन्ध भएका उनीहरु एक अर्कामा टाढिएर बस्न नसक्ने जनाउँदै सुजिताले गरेको विवाह प्रस्ताब सुकदेवले अस्विकार गरेपछि घटना भएको प्रउअधिकारीले जानकारी दिए।

असार ९ गते उनीहरुबीच विवाहका बिषयमा विवाद हुँदा सुजिताले 'विवाह नगरे मर्छु' भनेको र सुकदेवले 'जे गर्ने हो गर' भनेको प्रारम्भिक अनुसन्धानमा देखिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो। मृतक सुजिताको भिसेराको नतिजा आउन बाँकी रहेको छ। सुकदेव विरुद्ध आत्महत्या दुरुत्साहन अभियोगमा मुलुकी अपराध संहिता २०७४ परिच्छेद १२ ज्यानसम्बन्धि कसूर अन्तर्गत दफा १८५ मा पाँच वर्ष कैद र रु ५० हजारसम्म जरिवानाको माग दावि प्रहरीले गरेको छ।

हवल्दार गुरुङ हत्याराको आरोपमा पक्राउ

भरतपुर महानगरपालिका-१७ सिमलडाडाँ खेतमा बिहीबार बिहान मृतावस्थामा भेटिएका नेपाली सेनाका हवल्दार भरत गुरुङको हत्या सेनाकै जवानले गरेको खुलेको छ।

पक्राउ पर्नेमा भरतपुर-२१ का २६ वर्षीय गंगाधर ढकाल छन्। धादिङ निलकण्ठ नगरपालिका-१३ का ३६ वर्षीय गुरुङ र ढकाल दि फेमस महेन्द्रदल गण शिवपुरीमा कार्यरत थिए। जिल्ला प्रहरी कार्यालयद्वारा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा ढकालले जग्गा किन्न भनि आएका गुरुङ्लाई बिहीबार बिहान झोलामा रहेको हतियार निकालेर मोटरसाइकल पछाडि बसिरहेका अवस्थामा हत्या गरेको जानकारी दिइयो। प्रहरी उपरीक्षक ओमप्रसाद अधिकारीले ढकालले गुरुङ मोटरसाईकलबाट लडेपछि बोकेर सात-आठ मिटरको दूरीमा रहेका कुलोमा फालेर फरार भएको जानकारी दिए।

## बाढीको उच्च जोखिममा जनप्रिय मावि



नविन अंकुर/मध्यान्ह
मनाङ, ८ साउन

अविरल वर्षाका कारण जिल्लामा सरकारी, गैरसरकारी तथा व्यक्तिगत संरचनामा क्षति पुगेको छ। हालसालै पनि वर्षा हुनेक्रम जारी रहेकाले बाँकी रहेका संरचनामा क्षति भइरहेको छ।

लगातारको वर्षाले गर्दा सदरमुकाम चामेस्थित लोकप्रिय माध्यमिक विद्यालय मर्स्याङ्दी नदीमा आएको बाढीको चेपटामा परेको छ। बाढीले ल्याएको काठ, ढुंगा र बालुवा मोटरेबल पुलमा अड्किँदासमेत प्रशासनले हटाउने प्रयास नगर्दा बस्तीतर्फ कटान भएको स्थानीयवासीको गुनासो छ। विपद्को अवस्थामा समेत विपद् व्यवस्थापन समितिले चासो नदिँदा बस्तीतर्फ बाढी पसेको उनीहरुको भनाइ छ। बाढीसँगै आएको काठ, ढुंगा र बालुवा चामेको मोटरेबल पुलमा अड्किएर बस्तीतर्फ कटान गरेपछि विद्यालय उच्च जोखिममा परेको गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले जानकारी दिए। बाढीले बस्तीतर्फ कटान गर्न थालेपछि विद्यालयमा बढी क्षति पुगेको उनको भनाइ छ।

चामेका चार विद्यालयलाई गाभेर आवाससहितको एउटा मात्रै जनप्रिय मावि बनाइएको थियो। विद्यार्थीलाई सहज बनाउनका लागि आवासीय बनाए पनि जनप्रिय बाढीको उच्च जोखिममा रहेकाले समस्या थपिएको उनले बताए। भौतिक संरचनाले नै व्यवस्थित बनाएको विद्यालय जोखिममा पुगे पनि सरकारको चासो अझैसम्म नपुगेको उनले बताए।

### टसमस ...

नेपालले भने १२ वर्ष अगाडि विघटन भएको पिपुल्स भोलियन्टर्स ब्युताएका छन्।

गएको ५ चैतबाट समानान्तर अभ्यास थालेका नेता नेपालका सवै संरचना क्रियाशील छ। प्रधानमन्त्रीबाट पदच्यूत भएर बालकोट फर्किएपछि ओलीले युथ फोर्स ब्युताएका थिए। लगत्तै नेता नेपाल समूहले पनि अखिल फोर्स बनाए। जबकी एमालेको एकता जोगाउन भनेर गएको २७ असारमा दश बुँदे सहमति गरेका थिए। यो सहमतिमा ओली प्रतिबद्ध नभएको भन्दै नेता नेपालले समानान्तर गतिविधि रोकेका छैनन्।

### संसदमा...

विघटन हुँदा तत्कालीन पार्टी नेकपामा र संसदीय दलमासमेत छलफल नभएका सन्दर्भ जोड्दै उनले प्रतिप्रश्न गरे, "संसद् विघटन दलीय प्रणालीको विशेषता हो ? अनुशासन त्यही हो ? अनुशासन कसले मान्ने ? सबैभन्दा माथिकाले मान्ने हो नी। अहिलेको यो जीत जनताको जीत भएको उनले बताए। नयाँ निरंकुशता लाद्ने प्रयास असफल भएको उल्लेख गर्दै उनले अहिलेको सरकार अदालतबाट नभई निर्वाचित सांसदको बहुमतले बनेको प्रष्ट्याए।

### आयोगविरुद्ध...

समिति बिस्तार गरेका थिए। ठाकुरले बिस्तार गरेको कार्यकारिणी समितिलाई मान्यता दिन माग गर्दै अदालतमा रिट दायर भएको हो। "निर्वाचन आयोगको मिति २०७८/४/७ गतेको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम जनता समाजवादी पार्टी, नेपालको तर्फबाट मिति २०७३/३ १ गते पेश भएको पदाधिकारी हेरफेरलाई अध्यावधिक गरी हेरफेरबाट कायम भएको केन्द्रीय कार्यकारिणी समितिको आधारमा विवाद निरुपण प्रक्रिया अगाडि बढाउनु भनी विपक्षीका नाममा परमादेशको आदेश लगायत जुनसुकै उपयुक्त आदेश जारी गरि पाउँ। साथै विपक्षी निर्वाचन आयोगको उक्त मिति २०७८/४/७ गतेको निर्णय आदेह उत्प्रेषणको आदेशले बदर गरी विपक्षी उपेन्द्र यादवको एकल हस्ताक्षर रहेको मिति २०७८/३/४ को दाबी राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४४(१) को प्रतिकुल रहेकाले सो गैरकानुनी दाबीको आधारमा कुनै निर्णय काम कारवाही नगराउनु भनी विपक्षी उपर प्रतिषेधको आदेश समेत जारी गरी पाउँ", रिट निवेदनमा छ।

तर यादव पक्ष भने उत्साहित छ। यो समूहले ७ जेठमा ठाकुरले एक्लौटी रुपमा बिस्तार गरेको कार्यकारिणी समिति अवैधानिक र फर्जी भएको दावी गर्दै आएको थियो। आयोगले भने ११ वैशाख २०७७ मा एकता हुँदा बनेको कार्यकारिणी समितिलाई नै मान्यता दिने निर्णय गरेको छ।

जसपा विभाजनको कारण भने सत्ता केन्द्रीत थियो। अहिलेको सत्तारुढ गठबन्धनमा रहेर यादव पक्षले संसदीय र राजनीतिक मोर्चामा साथ दिएका थिए। तर ठाकुर पक्षले भने नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई समर्थन जनाएनन्। त्यसैकारण गएको ७ जेठमा जसपा व्यवहारिक र राजनीतिक रुपमा विभाजित भएको थियो। ठाकुर पक्षले ओलीलाई साथ दिदै सरकारमा समेत सहभागी भयो। तर सर्वोच्च अदालतबाट ठाकुर पक्षका मन्त्रीहरुलाई पदमुक्त गरिदियो। तर यादव पक्षले भने संसद् पुनर्स्थापनाको पक्षमा साथ दियो र अहिले सरकारमा जाने तरखरमा छ।

**भूल सुधार**

मिति २०७८/०४/०८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा वैदेशिक रोजगार शिर्षक, कम्पनीको नामः **PIONEER STAR FOR INDUSTRIAL WORKS**, **पूर्व स्वीकृत मितिः२०७८/०१/१०, चलानी नं.: ६०१५७८७३** र **L.T. No.: 239644** को विज्ञापनमा अन्तर्वार्ता **मितिः२०७८ साउन १६ गते (31 July 2021)** हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

खोजी रिक्रूटमेन्ट सर्भिसेस प्रा. लि.
श्रम इजाजत पत्र नं. १०२/०६७/०६८
सानेपा-२, विजयबस्ती, रिङरोड, ललितपुर, नेपाल,
फ्याक्सः ५५५५०३४ । हट लाईन नं.: ५५५५७९२, फोनः ५५५५८०६,

**साउदीमा रोजगार** | कम्पनी : **TIME DEMAND COMPANY FOR OPERATION AND MAINTENANCE**
शहर : **RIYADH**

पुर्व स्वीकृत मितिः २०७८/०२/२६ | चलानी नं.: ६०१५९२६८ | LT. No.: 240569 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workers | 40 | 0 | स. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ साउन १६ गते (31 July 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम ई. पत्र नं. १२३५/०७४/७५
**AASHIN OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Tel.: +977-1-4469912, 4469913



बागलुङको गलकोट नगरपालिका-२, नरेठाँटीस्थित गौदी खोलामाथिको जीर्ण अवस्थामा रहेको झोलुङ्गेपुल । तस्बिरः रासस

# कोभिड संक्रमितको उपचार गरेका निजी अस्पताललाई भुक्तानी गर्दा विवाद




**हिमेश बि.क/मध्यान्ह**
धनगढी, ८ साउन

गत बैशाखमा कोभिड-१९ को संक्रमण बढेसँगै सरकारी अस्पताल संक्रमितले भरिएपछि प्रदेश सरकारले निजी अस्पतालहरुले पनि कोभिड संक्रमितको उपचार गर्ने निर्णय गऱ्यो । सुदूरपश्चिम प्रदेशमा पनि प्रदेशको सामाजिक विकास मन्त्रालयले कैलाली र कञ्चानपुरका ११ वटा निजी अस्पतालसँग कोभिड संक्रमितको उपचार गर्नुपर्ने र त्यसको खर्च सरकारले भुक्तानी गर्ने सम्झौता गरेको थियो ।

सम्झौता अनुसार असार ११ गतेसम्म कैलाली र कञ्चनपुरका विभिन्न ११ निजी अस्पतालमा ४ सय ७२ जनाको उपचार गरिएको सरकारी तथ्यांक छ। तर प्रदेशका निजी अस्पतालहरुले भने सरकारले सम्झौता गरेअनुसार उपचार खर्च नपाएको बताएका छन् । निजी अस्पताल संघ सुदूरपश्चिम प्रदेशका अध्यक्ष जनकराज जोशीले मध्यान्हलाई भने, 'दुई तीन दिन अगाडि स्वास्थ्य सेवा विभागबाट फोन आएको थियो । तपाईंको ८० हजार पास भएको छ लैजानुस् भन्ने कुरा गर्दै थिए । २६ जनाको उपचार गर्दा ८० हजार मात्रै कसरी र के-को आधारमा भयो भन्दा यत्ति नै पाउने भन्ने जवाफ मिल्यो ।'

कैलाली अस्पतालका सञ्चालकसमेत रहेका जोशीले उपचार र दावी अनुसारको खर्च नपाएपछि भुक्तानी नलिएको बताए । अन्य निजी अस्पताललाई पनि १०/२० हजार भुक्तानी लैजान स्वास्थ्य सेवा विभागले फोन गर्दै आएको छ । तर सम्झौताअनुसार उपचार खर्च सरकारले दिन नमानेपछि भुक्तानी नलिएको अस्पताल सञ्चालकहरुले बताएका छन् ।

निजी अस्पतालले आइसोलेसनमा बस्न आउने संक्रमितको दैनिक ३ हजार ५ सय, अक्सिजन सहयोग आवश्यक पर्ने बिरामीको ७ हजार, आइसियूमा उपचार गर्नुपर्ने बिरामीको १० हजार तथा आइसियू र भेन्टिलेटर दुबैमा राखेर उपचार गर्नुपर्ने कोभिड संक्रमितको उपचार गरेको दैनिक १५ हजारका दरले उपचार खर्च निजी असपतालहरुलाई सरकारले नै उपलब्ध गराउने सम्झौता गरेको अस्पताल सञ्चालकले बताएका छन् ।

अहिलेसम्म सरकारबाट उपचार खर्च निजी अस्पतालहरुले किन पाएनन् भन्ने प्रश्नको जवाफमा सामाजिक विकास मन्त्रालयका अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा प्रमुख डाक्टर जगदिश जोशीले यो विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग प्रदेशको सामाजिक विकास मन्त्रालयको औपाचारिक कुरा नभएको बताए ।

'सम्बन्धित अस्पतालहरुको विवरण हामीलाई दिएका छन् । त्यो विवरणलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाएका छौं,' उनले भने, 'भुक्तानी अहिलेसम्म भएको छैन । यो विषयमा थप कुरा मन्त्रालयसँग बुझेर मात्रै भन्न सकिन्छ ।'

सुदूरपश्चिमका ११ निजी अस्पताल मध्ये धनगढीको नोभा अस्पतालले ८७ जनाको उपचार गरेको सरकारी तथ्यांक छ । यसैगरी निसर्ग अस्पतालले ८६ जना, माया मेट्रो अस्पतालले ५८ जना, कैलाली अस्पतालले ३६ जना, नवजीवन अस्पतालले ३० जना, सुदूरपश्चिम सामुदायिक अस्पतालले ३० जना, सिपी अस्पतालले २५ जना, पद्मा अस्पतालले २२ जना, केजी अस्पतालले ११ जना तथा कञ्चनपुरको बेलौरीमा रहेको इशान मेमोरियल अस्पतालले ८० जना तथा कैलालीको घोडाघोडी अस्पतालले ७ जना कोभिड संक्रमितको सरकारबाट रकम पाउने गरी उपचार गरेको स्वास्थ्य मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

तर भुक्तानी गर्नुअघि स्वास्थ्य सेवा विभागले अस्पतालमा उपचार गराएका सम्बन्धित बिरामीलाई सम्पर्क गरेको जनाएको छ । ति बिरामीले अस्पतालमा आफूले पनिरकम तिरेको बताएपछि विभागले थोरै रकम मात्रै भुक्तानीका लागि सूची तयार पारेको बुझिएको छ ।

# गोरखाको बारपाकमा जोन्सनको खोप लगाइयो



**गोरखा/मस-** गोरखाको बारपाक सुलिकोट गाउँपालिकामा शुक्रबार जोन्सन एण्ड जोन्सनको खोप लगाइएको छ । अमेरिकी सरकारले उपलब्ध गराएको जोन्सनको खोप एक डोज मात्र लगाए पुग्ने खोप हो ।

बारपाक सुलिकोट गाउँपालिकाका लागि १५० डोजमात्र खोप उपलब्ध भएको स्थानीय मानबहादुर गुरुङले जानकारी दिए । बारपाकका लागि उक्त मात्रा खोप निकै कम भएको उनको भनाइ थियो । उनले सबैले खोप लगाउन पाए मात्र गाउँ नै पुरै सुरक्षित हुने बताए । चिनियाँ खोप साउन १३ गते आउने जानकारी पाएको बताउँदै उनले जोन्सनको खोप भने शुक्रबार एक दिनमात्र लगाइएको मध्यान्हलाई बताए ।

निषेधाज्ञा थप

गोरखामा यही साउन २४ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा थप गरिएको छ। कोरोना रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि गठित जिल्लास्तरीय कोभिड १९ संकट व्यवस्थापन केन्द्रको सिफारिसमा जिल्लाभित्र निषेधाज्ञा थप गरिएको हो । प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेलले यसअघि जारी गरिएको निषेधाज्ञालाई केही खुकुलो पारेर निषेधाज्ञा थप गरिएको जानकारी दिए । निषेधाज्ञाका बेला जिल्लाभित्र सभा, सम्मेलन, गोष्ठी, तालिम, भेला, जात्रा तथा महोत्सव गर्न पाइने छैन । यसबाहेक संग्रहालय, रंगशाला, कबर्ड हल, खेलकुद मैदान सिनेमाहल, डान्स सेन्टर, ब्युटी पार्लर, शैलुन र जिमखाना सञ्चालनमा रोक लगाइएको उनको भनाइ छ ।

डीसीएमसीको बैठकले जिल्लाभित्र सञ्चालन हुने निजी तथा सार्वजनिक सवारी साधन सञ्चालन गर्दा स्वीकृत सिट क्षमताभन्दा बढी यात्रु नराख्ने व्यवस्था मिलाउनु पर्ने, चालक, सहचालक र यात्रुले अनिबार्य रुपमा मास्क, पञ्जा तथा फेससिल्डको प्रयोग गर्नुपर्ने निर्णयलाई यथावत राखेको छ । जिल्लाभित्र विवाह, ब्रतबन्ध, एवं अन्य संस्कारजन्य कार्य पार्टी प्यालेस तथा होटलमा सञ्चालन गर्न पनि रोक लगाइएको छ । आफ्नै घरमा सञ्चालन गर्न बढीमा २५ जनाभन्दा बढी सहभागी हुन नपाउने गरी गर्न पाउने निर्णय डीसीएमसीको बैठकले गरेको छ ।

सेवाग्राहीको भीड हुने प्रकृतिका सरकारी कार्यालयमा आलोपालो प्रणाली अवलम्बन गरी सेवा प्रवाह गर्ने र बैंक तथा वित्तीय संस्थाले भौतिक दूरी कायम गरी सेवा प्रवाह गर्ने निर्णय पनि बैठकले गरेको प्रमुख जिल्ला अधिकारी पौडेलले बताए ।

# डा.भट्टराईको अभिव्यक्तिप्रति विश्व हिन्दु महासंघको ध्यानाकर्षण

**काठमाडौं/मस-**विश्व हिन्दु महासंघले जनता समाजवादी पार्टीका संघीय अध्यक्ष एवं पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले हिन्दुधर्मावलम्बी ॐ कार परिवारको आस्था र विश्वास प्रति प्रहार गर्दै सामाजिक संजालमार्फत अभिव्यक्ति व्यक्त गरेको भन्दै गम्भीर ध्यानाकर्षण गराएको छ। महासंघकी अस्मिता भण्डारीले शुक्रबार एक विज्ञप्ति जारी गर्दै डा. भट्टराईको टुइटप्रति ध्यानाकर्षण गराएकी हुन् ।

विज्ञप्तिमा भनिएको छ, 'संसारभरि कै हिन्दु ॐकार परिवारको भावना अनादर गर्दै भारत उत्तर प्रदेशका मा. मुख्य मन्त्री गोरक्षपिठाश्वर महन्त योगी आदित्यनाथजीले गंगाजीमा दूधधारा अर्पण गर्दै गरेको तस्बिरलाई माध्यम बनाएर हाम्रो पूर्विय दर्शन, सभ्यता र हिन्दु धर्म , संस्कृतिका रुपमा गरिने प्रकृति पूजन माथि अत्यन्तै अमर्यादित र अशिष्ट शब्दहरु प्रयोग गरेकोमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।'

महासंघले इस्लाम धर्मावलम्बीको पर्व' इद' का दिन हिन्दु धर्ममाथि गरिएको यस्तो प्रहारले देशको धार्मिक सहिष्णुतामा खलल् पुऱ्याउने र तथा सामाजिक सद्भाव भड्काउने उद्देश्यबाट प्रेरित भएको उल्लेख गरेको छ । महासंघले जनता समाजबादी पार्टीको संघीय अध्यक्ष तथा पूर्व प्रधानमन्त्री जस्तो व्यक्तिबाट भएको यस्तो घृणित कार्यकोविरुद्धमा एकजुट भई अगाडि बढ्नका लागि सम्पूर्ण हिन्दु ॐकार परिवारमा अनुरोध गरेको छ ।

महासंघले भनेको छ, 'हाम्रोजस्तो पूर्विय दर्शन , सभ्यता , हिन्दु धर्म संस्कृतिमा आस्था राख्ने मुलुकको राष्ट्रिय एकताको जग नै वैदिक सनातन हिन्दु धर्मको आडमा अडिएको छ। तसर्थ हाम्रो धार्मिक आस्था र विश्वासमा कुठाराघात गर्दै अपमान जनक अभिव्यक्ति दिने डा. बाबुराम भट्टराईलाई यथाशीघ्र कानुनी दायरामाल्याई कारबाही गर्नका लागि नेपाल सरकार तथा सम्बन्धित निकाय समक्ष माग गर्दछौं ।'

# कालिकोट जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट जडान



**ईश्वर कार्की/मध्यान्ह**
कालिकोट, ८ साउन

जिल्ला अस्पताल कालिकोटमा अक्सिजन प्लान्ट जडान भएको छ । अस्पतालका निमित्त स्वास्थ्य सेवा व्यवस्थापक कटकबहादुर महतले कर्णाली प्रदेश सरकारले छुट्याएको बजेटअनुसार अस्पतालले उक्त प्लान्ट जडान गरेको जानकारी दिए । अक्सिजन प्लान्ट जडानपछि अस्पतालका निमित्त स्वास्थ्य सेवा व्यवस्थापक महतले अबदेखि अक्सिजनको अभाव नहुने बताए । उनले भने,' हिजो दिनसम्म यहाँ अक्सिजनको अभाव थियो । हामी ग्याँस भर्न नेपालगन्ज जानुपर्दथ्यो । त्यहाँ जाँदापनि तुरुन्तै पाउँदैन थियो, धेरै समय कुर्नुपर्दथ्यो । अहिले हामी प्लान्ट जडान गर्न सफल भएका छौं, यो हाम्रो लागि खुशीको कुरा हो । अब अक्सिजन अभावको कारण यहाँका जनताले कुनै हैरानी र सास्ती व्यहोर्नुपर्दैन् । हाम्रो अस्पताललाई त सजिलो भयो, यसले दैलेख, अछाम, मुगु, बाजुरा, कालिकोट, जुम्ला, हुम्लासम्मलाई अक्सिजन फिलिङ गर्न सहयोग पुग्छ ।'

अक्सिजन जडानले कालिकोटका नागरिकको जीवन रक्षाको सहयोग पुगेको भन्दै उनले यसकोलागि विशेष पहल गरिदिने र बजेट छुट्टयाईदिने कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्र बहादुर शाहीलाई विशेष धन्यवादसमेत ज्ञापन गरेका छन् । उनले भने,' उहाँको विशेष सहयोगबाट हामी यो प्लान्ट जडान गर्न सफल भएका छौं । यसको लागि माननीय मुख्यमन्त्रीज्यूलाई कालिकोटका जनताको तर्फबाट पनि विशेष धन्यवाद भन्न चाहन्छु ।' अस्पतालका व्यवस्थापन समितिका अध्यक्ष सरोज बोगटी, अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन्ट डा.किरण शाही र लेखा अधिकृत मुनबहादुर रावलले पनि सबैको सकारात्मक सहयोग र योगदानका कारण अस्पतालमा अक्सिजन प्लान्ट जडान गर्न सफल भएको बताएका छन् ।

आगामी दिनमा अस्पतालमा अब अक्सिजनको अभाव नहुने पनि उनीहरुको विश्वास छ । उनीहरुले यसको लागि मुख्यमन्त्री महेन्द्रबहादुर शाही, मन्त्रालयका सचीव, सामाजिक विकास मन्त्रालय, निर्देशक, स्वास्थ्य सेवा निर्देशनालयलगायत सहयोग गर्ने सबै व्यक्ति तथा संघ/संस्थाप्रति हार्दिक आभार सहित धन्यवाद दिएका छन् । जिल्ला अस्पताल कालिकोट चौरमा दैनिक ४० लिटर क्षमताको ४०-५० वटा सिलिन्डर अक्सिजन ग्यास भर्न सक्ने क्षमताको अक्सिजन प्लान्ट जडान गरिएको हो । अब प्लान्ट र मेसिन सन्चालनका लागि पर्याप्त विद्युत आपूर्तिको आवश्यक भएकोले सोको लागि नियमित विद्युत आपूर्तिमा ध्यान दिन सम्बन्धित सबैमा महतले आग्रह गरेका छन् ।

अक्सिजन प्लान्ट जडान गर्ने कम्पनी मुनरक ईन्टरनेश्नल प्रा.ली.का प्रवन्ध निर्देशक ई. प्रशान्त झाले सबैको साथ र सहयोगले अक्सिजन प्लान्ट जडान गर्न सफल भएको भन्दै यसमा साथ र सहयोग पुऱ्याउने सबैप्रति आभार व्यक्त गरेका छन् ।

# आन्दोलनरत कर्मचारी र अस्पताल प्रशासनबीच सहमति



**पवन जयसवाल/मध्यान्ह**
नेपालगञ्ज, ८ साउन

बाँकेको नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पतालमा केही दिन देखि आन्दोलनरत कर्मचारी र अस्पतालको प्रशासनबीच शुक्रबार आपसी सहमति भएको छ । एक हप्ता देखि अस्पतालका स्वास्थ्यकर्मी र कर्मचारीहरु आन्दोलनमा रहेका थिए । आन्दोलनरत कर्मचारीहरुले मासिक तलव, कोभिड भत्तालगायतका माग राखेर आन्दोलनमा उत्रिएका थिए ।

नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पतालको प्रशासन र आन्दोलनरत कर्मचारीबीच वार्ता भएको छ । वार्तामा भएको सम्झौता अनुसार वैशाख महिनाको तलव यही साउन १० गतेभित्र भुक्तानी गर्नका लागि नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पतालप्रशासनले सहमत भएको छ । यसरी नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पतालले जेठ महिनाको तलव साउन २० गतेभित्र र असार महिनाको तलव भदौ महिनाको पहिलो साताभित्र भुक्तानी गर्न प्रतिबद्धता जनाएको छ । त्यसपछि तत्कालका लागि आन्दोलन रोकिएको आन्दोलनरत कर्मचारी मुनीर खाँले मध्यान्हलाई जानकारी गराए। यस्तै आन्दोलनरत कर्मचारीहरुको बीमा, खाजा भत्ता, ओभरटाइम, सामाजिक सुरक्षा वापतको रकम यही साउन मसान्तभित्र टुंग्याउने सहमति भएको नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पतालका उप-निर्देशक श्यामकुमार शर्माले जानकारी दिए।

# भारतमा दिइने छात्रवृत्तिका लागि शैक्षिक परामर्श



**काठमाडौं/मस-** छिमेकी भारतका विभिन्न उत्कृष्ट विश्वविद्यालय, कलेज र शैक्षिक संस्थामा उच्च शिक्षा हासिल गर्न जाने नेपाली विद्यार्थीले पाउने छात्रवृत्तिका लागि कृष्णा फाउण्डेशनले शैक्षिक परामर्श गर्न थालेको छ ।

काठमाडौंस्थित भारतीय दूतावासले प्रदान गर्ने शतप्रतिशत कम्पेक्स छात्रवृत्तिमा आवेदन दिने विद्यार्थीका लागि विश्वविद्यालयका पूर्वाधार, गुणस्तर, अन्तर्राष्ट्रिय विद्यार्थीका अनुभव र छात्रवृत्तिका बारेमा फाउण्डेशनले परामर्श गरेको हो । यसबारे जानकारी दिन शुक्रबार आयोजित पत्रकार सम्मेलनमा फाउण्डेशनका निर्देशक सन्तोषकुमार चौधरीले शैक्षिक सत्र सन् २०२१/२२ का लागि भर्ना प्रक्रिया अगाडि बढाउने समयमा आफूहरुले 'स्कलरसिप इन इन्डियन युनिभर्सिटिज' अन्तर्गत सहयोग गर्ने बताए । कक्षा १२ मा ६० प्रतिशत प्राप्ताङ्कसहित उत्तीर्ण विद्यार्थीले आगामी अगष्ट १२ तारिखसम्म छात्रवृत्तिका लागि आवेदन दिन सक्नेछन् ।

कथा

# सिउँदो पुछिएकी चेली

'लोग्ने टोकुइ, अलच्छिनी, कुलङ्गार्नी मेरो फूल जस्तो छोरोलाई खाइ । यसको मुख हेर्दा पनि साइतै बिग्रन्छ । कस्ता कस्तालाई स्याहार्नु पर्ने ।' यस्ता यस्ता शब्दहरु सुन्दा-सुन्दा पाकी सकेकी थिइ सरिता । छट्पटी मै रात बित्थ्यो । यता कोल्टे पर्दा र उता कोल्टे पर्दा सिरानी भिज्थ्यो र सँगसँगै झिसमिसे हुन्थ्यो ।



■ रन्जना पराजुली (लम्साल)



लामो सलक्क परेको कालो कपाल, पातलो, शरीर, सेतो साडीमा खुलेकी सरितालाई जोसुकैले अड्कल काट्न सक्थ्यो कि उनी विधवा हुन भनेर । अफिस जाने - आउने क्रम चलिरह्यो । दिन बित्दै गए । लोग्ने मरेको एक वर्ष हुनलाग्दा पनि घरतिरकाले खोज खबर गरेनन् । नियममै बसेकी सरिताले लोग्नेको एक वर्षको काम पूरा गरिन र सिन्दुर, पोते बाहेक सबै पहिरन लगाउन थालिन् ।

**'लोग्ने टोकुइ, अलच्छिनी, कुलङ्गार्नी मेरो फूल जस्तो छोरोलाई खाइ । यसको मुख हेर्दा पनि साइतै बिग्रन्छ । कस्ता कस्तालाई स्याहार्नु पर्ने ।'** यस्ता यस्ता शब्दहरू सुन्दा-सुन्दा पाकी सकेकी थिइ सरिता । छट्पटी मै रात बित्थ्यो । यता कोल्टे पर्दा र उता कोल्टे पर्दा सिरानी भिज्थ्यो र सँगसँगै झिसमिसे हुन्थ्यो ।

उज्यालो भएपछि फेरि शुरु हुन्थ्यो उहीँ ताना । सानो गल्तिको ठूलो इश्यू । सासू र नन्दलाई आगोमा घीउ थप्न केही निहुँ नचाहिने । एउटी नारी भएर नारीले नारीमाथि नै गरिने शोषण । कसरी सहि सरिताले ? सहेको पनि छ महिना बितेछ । त्यो पीडा कि भगवानलाई थाहा छ कि त उनलाई मात्र । मात्र समय एक्काइसौं शताब्दी तर, मान्छे उहीँ अनि बिचार उस्तै पुरानो रुढिवादी । त्यस घरमा सरिताको मुख हेर्दा साइत नपर्ने कस्तो बिडम्बना । उनले मरि-मरि काम गर्दा चाहिँ राम्रो हुने । सानो गल्तीको चाहिँ यति ठूलो सजाय यो कस्तो न्याय हो ।

सहनुको पनि एउटा सीमा हुन्छ । एकदिन सीमा नाघेर गोरखापत्रको विज्ञापनसँगै आफ्ना प्रमाणपत्र लिएर कसैलाई नभनी निस्केकी सरिता बेलुकी घर फर्कदा त घरमा दनदनी आगो बलिसकेछ । उनको कोठाको सामानहरु बाहिर आगनभरी छरपस्ट । घर वरिपरिका छिमेकीहरुको भिड । सरिताको बुबा एउटा कुनामा घोसेमुन्टो लाएर बस्नु भएको । भाउन्न भइ सरिता ।

सरितालाई देख्नेबित्तिकै भक्कानो छोडेर अंगाल्नु मार्नु भयो बुबाले । अक्कमक्किदै ठिंग उभिएकी सरिताले बुबा यसरी भक्कानिएको कहिले देखेकी थिइनन् । उनलाई अन्माउदा पनि 'ल ज्वाइँ साहेब मारे पाप, पाले पुण्य, आजदेखि छोरी हजुरलाई सुम्पेको छु ।' भन्दै हाँसेर बिदाई गर्नु भएको थियो । तर ती सबैबिच बाटोमै सिद्धीएको थियो ।

'बुबा के भयो ? किन यसरी रुनु भएको ? तपाई यहाँ आउनु हुँदैनथ्यो । किन आउनु भयो ? अनि यी मेरा सामानहरु बाहिर किन छरपस्ट ?'

श्रृंगार बन्चित एउटी नारी सरिता यस्तै यस्तै प्रश्न गर्दै थिइनँ । मौन थिएँ त्यहाँ सबै अनि सन्नाटा छाएको थियो ।

'हामी यसलाई एकछिन पनि यो घरमा राख्न सक्दैनौं । लोग्ने टोकी । अब क-कसलाई टोक्छे । को-कोसँग कहाँ-कहाँ हिँड्छे । के-के गर्छे । कसैको डर कर नभाकी । हाम्रो घरको त बदनाम गरेर नै छोड्ने भइ यस डङकिनीले ।', सासू एकातिर र नन्द अर्कोतिर फतफताउँदै थिए ।

आँखा भरि आंशु पार्दै, 'छोरी तिमी कहाँ गएकी ? कमसेकम घरमा सोधेर त जानूपर्थ्यो । एक वर्षसम्म तिम्रो सेतो पहिरन माइतिले हेर्नु हुँदैन भनेको भएर हामी आएनौ । ज्वाइँ बितेको छ महिना नि पुगेको छैन तिम्रो त कन्तबिजोग भएछ । तिम्रो यो हालत कसरी हेरुँ । हिँड जाउँ म तिमीलाई लिएर जान्छु ।' एकै शासमा सरिताका बुवाले भन्नू भयो ।

'बुवा एउटा चिन्दै नचिनेको मान्छेको हातको एक धर्को सिन्दुर अनि एक झुप्पो पोते लाएर जन्मघरबाट अन्मिएर निस्के कि म आधा बाटोमा आउँदा सबै छताछुल्ल भयो । यसमा मेरो के दोष ? मलाई पनि मर्न दिनुपर्थ्यो । किन अस्पताल लगेर बचाउनु भयो । आज यहि दिन हेर्नलाई ?' आँशु झर्न नखोजेको त होइन सरिताको पनि तर मुटु गाँठो बनाएर त्यसदिनको घटना सम्झिन् सरिताले ।

'होइन छोरि, त्यस्तो नभन । धर्म-संस्कृति, समाजलाई तोड्न सकिएन । तिमी जन्मेको घरको ढोका सँधै-सँधै खुल्ला छ । हिँड जाउँ ।'

'हो बुवा, धर्म-संस्कृति अनि समाजलाई जोगाउँदा एउटी नारी पिल्सिन्छे । आफ्नो जिन्दगीभरी खुशी र इच्छालाई होमेर जसरी म पिल्सिएकी छु । कर्म घर नै आफ्नो नभएपछि जन्मेको घरबाट अन्मिएर निस्केकी छोरीको जन्मघर सँधैको लागि आफ्नो हुन सक्दैन । केवल सहानुभूती बाहेक । चिन्ता नलिनु बुबा, हजुरले दिएको शिक्षाको सदुपयोग गर्न नै म एउटा अफिसमा अन्तर्वाता दिन निस्केकी थिएँ र जागिर पनि पाइसके । यो घरमा यसरी मेरो अपमान हुन्छ भन्ने सोँचेकी पनि थिइनँ । अब छोरी जिउँन सक्छे, हजुर घर फर्कनु । बरु अगाडि बड्न हौसला दिनु ।', सरिताले मुटु दरो बनाएर भनिन् ।

'छोरी त्यसो नभन' बुबा केही भन्न खोज्दै हुनुहुन्थ्यो । घर परिवारका सदस्यहरु फतफताउन छोडेका थिएनन् ।

तर उनी सुन्न चाहन्नथिन । जागिर पक्का भैसकेकोले रात दिनको कलह भोगेकी सरिता आफुँलाई बलियो बनाउन जिन्दगीसँग लड्न तयार थिइन् । सायद, माया पाएकी भए मन पग्लन सक्थ्यो । मन त एउटा नटुक्रने ढुंगा भैसकेको थियो ।

चिन्दै नचिनेको मान्छेको सिन्दुर पखाली सकेको थियौं भने पोते चुडिसकेको थियो । बाँकी पहिरनमा कसैको हस्तक्षेप हुन दिन्न । यहि अठोट लिएर आफ्ना सामानहरु बटुल्न थालिन् । सासू र नन्द एकैचोटि कराउदै थिए, 'अहिले नै निस्किहाल आफ्नो सामान बोकेर ।'

'आमा ! हजुर मैँले रात नबिताएको श्रीमान्को आमा हुनुहुन्छ । आजसम्म यो घरको कदर गर्दै आएकी छु र गर्नेछु । यो घरबाट निस्केपछि पनि । म पनि माइति घरबाट रंगीन कपडामा सजिएर निस्केकी यो घरमा उजाडिएर भित्रिए । तर जानेबेला अपशब्द नबोली दिनुहोला । हजुरसँग पनि उमेर पुगेकी चेली हुनुहुन्छ ।'

'छोरी सरिता, समय अनि व्यवहारले तिमीलाई धेरै बलियो बनाइ सकेछ । मलाइ ढुक्क भयो । मेरी छोरी जस्तै परिस्थितिमा पनि लड्न सक्छे । अब कहाँ जाने त ?'

अवाक बुबाको वाक्य फुट्यो । 'चिन्ता नगर्नु बुबा, मेरि कलेज पढ्दाको साथीको घरमा जान्छु । उनले अवश्य साथ दिनेछिन ।'

ठूलो मन भएकी साथीले एउटा कोठा दिइन् । ठूलो सास फेरेकी सरितालाई संसार नै जितेको भान भयो । बुबाले पनि सम्पूर्ण सामान जुटाइदिनु भयो ।

लामो सलक्क परेको कालो कपाल, पातलो, शरीर, सेतो साडीमा खुलेकी सरितालाई जोसुकैले अड्कल काट्न सक्थ्यो कि उनी विधवा हुन भनेर । अफिस जाने - आउने क्रम चलिरह्यो । दिन बित्दै गए । लोग्ने मरेको एक वर्ष हुनलाग्दा पनि घरतिरकाले खोज खबर गरेनन् । नियममै बसेकी सरिताले लोग्नेको एक वर्षको काम पूरा गरिन र सिन्दुर, पोते बाहेक सबै पहिरन लगाउन थालिन् ।

'बुबा एउटा चिन्दै नचिनेको मान्छेको हातको एक धर्को सिन्दुर अनि एक झुप्पो पोते लाएर जन्मघरबाट अन्मिएर निस्के कि म आधा बाटोमा आउँदा सबै छताछुल्ल भयो । यसमा मेरो के दोष ? मलाई पनि मर्न दिनुपर्थ्यो । किन अस्पताल लगेर बचाउनु भयो । आज यहि दिन हेर्नलाई ?' आँशु झर्न नखोजेको त होइन सरिताको पनि तर मुटु गाँठो बनाएर त्यसदिनको घटना सम्झिन् सरिताले ।

कहिलेकाहीँ कस्तो अचम्म भइदिन्छ । संजोग त्यस्तै पर्यो सायद भगवानले नै डोर्‍याएको होला । सधैँ जस्तै सरिता अफिस जान गाडी चढिन् । आफ्नै रफ्तारमा गुडेको गाडीले एक महिलालाई ठक्कर दियो । मान्छे जम्मा भए । गाडीका मान्छे सँगसँगै सरिता पनि ओर्लेर घाइते महिला छेउ पुगिन् । घाइते त सरिताकै सासू पो रहिछन् । सबैको सहायताले अस्पताल पुर्‍याइन । रगत धेरै गएकोले डक्टरले रगतको आवश्यक्ता परेको बताए । बिरामीको भाग्य बलियो हो या गहिरो नाताले तानेको हो सरिताको रगत मिल्यो । आफन्तीहरुलाई खबर पठाएकोले सबै जम्मा भैसकेका थिए । उपचार पछि बिरामीको होस् आयो । सबै कुरा थाहा पाए पछि छेउमा बसेकी सरितालाई बोलाइन् सासुले ।

'आमा, कस्तो छ अहिले ?' सोधिन सरिताले ।

'मलाइ माफ गर छोरी' आँखाभरी आशु पार्दै, तिमी जस्ती महान् चेलीलाई मैँले चिन्न सकिँन । तिमी अब हामीसँगै बस्नु पर्छ ।'

'होइन आमा, म जहाँ छु ठिक छु ।'

त्यहीबेला उनको अफिसमा सँगै काम गर्ने सर आइपुग्नु भयो । आफूँभन्दा ठूलो पद्को सरलाई देखेर छक्क परिन् ।

'सर, हजुर यहाँ ?'


'सरिताजी, तपाईंलाई थाहा छैन म बिरामीको नातेदार पर्छु । तपाईले घरतिरका सबैलाई चिन्ने मौका पाउनु भएन । तपाईंको शैक्षिक योग्यता अनि शुशिलताले मैँले नै तपाईंलाई नियुक्ति गरेको थिए । जे हुनु भयो भवितव्य कसलाई पर्दैन र ! म तपाईंलाई असाध्य मन पराउँछु र इज्जतका साथ तपाईंको हात मागेर पुछिएको सिउँदो फेरि रंग्याउन चाहन्छु ।'

अलमलिएकी सरितालाई त्यस हस्पिटलबाट भागुजस्तो भएको थियो टुप्लुक्क बुबा आइ पुग्नुभयो । अस्पतालभित्रै एउटा रमाइलो माहोल बन्यो । सबैको सल्लाह र सुझावले बिहेको कुरा छिनियो । एउटी चेली सरिता, श्रीमानको माया ममता त के अनुहारसम्म राम्रो नचिनेकी उनीमाथि यति ठूलो बज्रपात पर्यो । आफुलाई परेर होला जुन महिलाले श्रीमान्को माया के हो, बालबच्चा के हो बुझ्न नपाउँदै सिउँदो पुछिन्छ भने उनको फेरि सिउँदो भरिनु पर्छ । यस्तो धारणा बोकेकी त थिइन् तर, आवाज निकाल्ने साहस थिएन । तर भगवानले नै जुराइ दियो ।

सासुलाई सन्चो भएर घर लगेपछी तिनै सासुले धुमधामसँग बिहे गरि आफ्नै हातले कन्यादान दिएर एउटी सिउँदो पुछिएकी चेलिको सिउँदो भरेर नयाँ जीवन जिउने बाटो खोलिदिइन ।

—काठमाडौं

कविता



नारायण शर्मा, काठमाडौं

## हुँदै नहुने भएको छ

धागो चुँडिएका चङ्गाहरुलाई एकितृत गर्न धेरै जटिल छ !
तेल सिद्धिएका दियोहरुमा सँधै तेल थपेर बाल्न पनि कठिन छ !
बेट्री ड्यामेज भएका यन्त्रहरुलाई
बेट्री वा यन्त्र फेरेर पनि चलाउन अत्यन्त मुस्किल छ !
यस्ता म्याद सक्किएका र इन्जन मक्किएका
यन्त्र/संयन्त्रहरुलाई त कवाडीखानामै बेच्न समेत दुसाध्य छ !
तैपनि जतिसुकै जटिल, कठिन र मुस्किल, दुसाध्य भए पनि
यसो नगरी हुँदै नहुने भएको छ ।
कि भने यी सबैलाई डम्पिङ साइटमा नफाली हुँदै नहुने भएको छ ॥


चेत हराएका नेताहरुलाई होशमा ल्याउन पनि झन् अति गाह्रो छ ?
नेत हराएका कार्यकर्ताहरुलाई पनि जोसमा ल्याउन पनि त्यस्तै अतिनै साह्रो छ ।
तरल बनिरहेको देसको स्थितिलाई पनि
ठोसमा बदल्ने काम पनि झन् कति हो कति गाह्रो छ ।
अनि, ग्यास बनेको क्रान्तिको अवस्थालाई क्यास गर्ने कुरा त झन्
आकासको फल आँखा तरी मर भन्ने जस्तो भएको छ ।
तैपनी जतिसुकै गाह्रो/साह्रो र असम्भव भएपनी
यी सब जसरी पनि नगरी हुँदै नहुने भएको छ ।

सास सकिएको लासलाई ब्युँझाउने उपाय भनौं त कति साध्य छ ?
भालुलाई पुराण सुनाएर उसमा ज्ञान भर्ने कुरा गुनौं त कति सम्भव छ ?
मरुभूमिको मृगको तृष्णा मेटाउन पनि के साँच्चै सरलै होला त ?
र, सुनमा सुगन्ध थप्न पनि के साँच्चै सहज नै होला र ?
छैन, तर जतिसुकै जटिल र कठिन भए पनि
यी काम पनि फत्ते नगरी हुँदै नहुने भएको छ !!

कस्तुरीलाई उसको आफ्नै नाभीमा
बीना छ भन्ने सम्झाउन पनि सारै अप्ठेरो छ ।
र, बुझेर बुझ पचाउने हरामीहरुलाई
बुझाउन त झन् ज्यादै गाहारो छ ।
गासको आस गर्दै भासमा भासिएकालाई उतार्नु त झन् कति हो कति जटिल छ ।
अझ रङ्गीन कागजमा रातो चित्र कोर्न त झन् सबभन्दा जटिल र कठिन छ ।
तैपनी जतिसुकै जटिल र कठिन भए पनि
गर्नै पर्ने कामकुरा त नगरी हुँदै नहुने भएको छ ॥

अहिले यहाँ त-
पुरेतका गाईहरुलाई तह लगाउने भरपर्दो गोठालो
नभै नहुने भएको छ !
मत्ता हात्तीहरुलाई बशमा ल्याउनसक्ने सिपालु माउते पनि नभै नहुने भएको छ !
जानी/जानी जहाज महासागरमा डुबाउने
सन्काहा क्याप्टेनहरुलाई गलहत्याउने
साहसी यात्रु क्याप्टेन त झन् नभै नहुने भएको छ !
म्याच फिक्सिङ गरी आफ्नो देशको टोलीलाई हराउने
खेलघाती र देसघाती गद्दारलाई खेलबाटै नखेदी त झन् हुँदै नहुने भएको छ !
यस्ता हरामखोर गद्दारलाई देश निकाला नगरी नहुने भएको छ !
हरामखोर गद्दारहरुलाई देश निकाला नगरी नहुने भएको छ !!!

## चार मुक्तक



हरिकृष्ण काफ्ले, रौतहट

(१)
फस्टाउने शक्ति भए, संसार ढाक्छ एउटै बिउले ।
महाभारत युद्ध भाथ्यो, दाजुभाइको सानै निउँले ।
हस्तिनापुर हातपार्न कैयौं युद्ध लड्नु पर्छ,
विपनामा जीउ लाग्दैन, सपनामा खाको घिउले ॥

(२)
जस्को हातमा घाउ देख्छु ठेलादेख्छु खील देख्छु,
अक्सर तिनकै वरिपरि, परिस्थिति जटील देख्छु ।
कस्ले कोर्‍यो समाजको कारुणीक चित्र यस्तो ?
छचल्किने हर आँखामा,उन्मुक्तिको अपील देख्छु ॥

(३)
कि चिप्लाले मार्छन् बाजि, कि मालदार हुनुपर्छ ।
यो संसारमा टिकिराख्न, कि खुंखार हुनुपर्छ ।
घरवारदेखि बिरक्तेर मान्छे जोगी बनी हिंड्छन्,
जोगी भाको भोलिपल्टै, पाकेटमार हुनुपर्छ ॥

(४)
गजब देख्छु दुनियाँको, चालचलन गजब हेख्छु,
कुनै घरमा रुवाबासी, कुनै घरमा उत्सव देख्छु ।
जीवनजलको अभावमा कतै जीवन धरापमा छ,
कतैचाहिँ कालोधनको, बेसुमार फैलाव देख्छु ॥

# भारतमा एकैदिन ५४ लाख ७६ हजार बढीले लगाए खोप



काठमाडौं/एजेन्सी– भारतमा कोरोना भाइरसबाट थप ३५ हजार ३४२ जना कोरोनाभाइरसबाट संक्रमित भएका छन्। त्यसैगरी पछिल्लो एक दिनमा अरु ३८ हजार ७४० भन्दा बढी कोरोनाभाइरसबाट संक्रमणमुक्त भएको अधिकारीहरुले जनाएका छन्। नयाँ संक्रमितहरुको संख्याभन्दा संक्रमणमुक्त भएकाहरुको संख्या धेरै भएकोले सक्रिय संक्रमितहरुको कुल संख्या घटेको छ। सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार भारतमा अहिले सक्रिय अवस्थामै रहेका संक्रमितहरुको संख्या चार लाख पाँच हजार ५१३ रहेको छ। भारतमा कोरोनाभाइरसबाट कुल मृतकको संख्या अहिलेसम्म चार लाख १९ हजार ४७० पुगेको अधिकारीहरुले जनाएका छन्। तीमध्ये ४८३ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो।

भारतीय चिकित्सा अनुसन्धान परिषदले अहिलेसम्म भारतमा ४५ करोड २९ लाख ३९ हजार ५४५ ओटा स्वाब परीक्षण गरिएको छ। पछिल्लो एक दिनमा भने १६ लाख ६८ हजार ५६१ जनाको कोरोना परीक्षण गरिएको परिषदले जनाएको छ। भारतमा कोरोनाभाइरसबाट संक्रमणमुक्त भएकाहरुको संख्या ९७.३६ प्रतिशत रहेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म ४२ करोड ३४ लाख १७ हजार ३० जनालाई कोरोनाभाइरस विरुद्धको खोप लगाइएको छ। तीमध्ये ३३ करोड ३९ लाख ४५ हजार ९५१ जनाले खोपको पहिलो मात्रा मात्रै लगाएका छन् भने अरु आठ करोड ९४ लाख ७१ हजार ८७९ जनाले दुवै खोप लगाएका छन्। भारतमा पछिल्लो २४ घण्टामा देशभरी कुल ५४ लाख ७६ हजार ४२३ जनालाई कोरोना भाइरसविरुद्धको खोप लगाइएको छ। यस्तै विश्वभर तीन अर्ब ७५ करोड २६ लाख ७५ हजार ४१९ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। कोरोनाविरुद्ध खोप लगाएका दश देशको तथ्याङ्हरु यस प्रकार रहेका छन्। चीनमा एक अर्ब ४७ करोड १६ लाख ५ हजार डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। भारतमा ४२ करोड ३४ लाख १७ हजार ३० डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

अमेरिकामा ३३ करोड ८७ लाख ३८ हजार १२५ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। ब्राजिलमा १२ करोड ३१ लाख ११ हजार ९०० डोज कोरोना भाइरसविरुद्ध लगाइएको छ। जर्मनी ८ करोड ७८ लाख ७३ हजार ७२८ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। बेलायतमा ८ करोड ३७ लाख २२ हजार ५१४ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ। जापान ७ करोड ३९ लाख ७० हजार ८८८ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। फ्रान्समा ६ करोड ७४ लाख २ हजार ६९० डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ। टर्कीमा ६ करोड ४६ लाख २३ हजार ४६३ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ।


## आवश्यकता

यस क्लवको लागि निम्न संख्यामा दक्ष खेलाडिहरुको आवश्यकता परेको हुँदा इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र उल्लेखित ठेगानामा आवेदन दिनुहुन अनुरोध छ।

| सि.नं. | पद | संख्या | अनुभव |
|---|---|---|---|
| १ | फुटवल खेलाडि | ४ | सम्बन्धित पदमा दक्ष |

**सम्पर्क ठेगाना:**
क्लबको नाम: फ्रेण्डस् क्लब
इमेल: friendsclub@gmail.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०४/०९

यस कम्पनीको मिति २०७७/११/२५ मा सम्पन्न विषेश साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **मणिलेक हेल्थ केयर सेन्टर एण्ड पोलिक्लिनीक प्रा.लि. (प्रा.लि. नं. ११८२३९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०१/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मणिलेक हस्पिटल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६१/०२/०१ मा दर्ता भएको **प्रा.लि. नं. २८३१० को लक्ष्मी मार्केटिङ्ग प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०४/०९

यस कम्पनीको मिति २०७८/०३/१४ मा सम्पन्न विषेश साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **मन्याल कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. २४२३२७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/०१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मन्याल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

## कम्पनीको नाम तथा ठेगाना परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०४/०९**

